Govt. Regd. No. 1331/068/069

# Sanima Mai Hydropower Limited

SANIMA MAI HYDROPOWER LIMITED

च. नं. : १०४-२०८१/०८२

मिति : २०८१/०८/२४

श्रीमान प्रमुख कार्यकारी अधिकृतज्यू,
नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : **प्रस्तावित बोनस शेयर, साधारणसभा र शेयरधनी दर्ता किताब बन्द हुने मिति लगायत अन्य आवश्यक जानकारीका सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०८/२४ गते सोमबार दिउँसो ३:०० बजे बसेको बैठकबाट निम्नानुसारका निर्णयहरू भएको व्यहोरा धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२(१) तथा धितोपत्र सुचीकरण सम्झौता बमोजिम तहाँ नेपाल स्टक एक्सचेन्ज लि.को जानकारीका लागि यो निवेदन गरेको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

१. साधारण सभा प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द भएको अघिल्लो दिनसम्म कायम शेयरधनीहरूलाई आ.व. २०८०/०८१ सम्मको वितरण योग्य संचित खुद मुनाफा मध्येबाट कम्पनीको वित्तिय विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूँजी रू. ३,३९,८१,७६,१००/- को १० प्रतिशतले हुने रू. ३३,९८,१७,६१०/- (अक्षरेपी तेत्तीस करोड अन्ठान्नब्बे लाख सत्र हजार छ सय दश मात्र) बराबरको बोनस शेयर र प्रस्तावित बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशतले हुने रू. १,७८,८५,१३७/३७ (अक्षरेपी एक करोड अठहत्तर लाख पचासी हजार एक सय सैतिस रूपैया सैतिस पैसा मात्र) नगद लाभांश वितरण गर्न सिफारीस सहित आगामी वार्षिक साधारण सभा समक्ष विशेष प्रस्ताव पेश गर्ने ।

२. यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा यही मिति २०८१/०९/२८ गते (तदनुसार १२ जनवरी, २०२५) आईतबारका दिन गर्ने र उक्त वार्षिक साधारणसभा तथा बोनस शेयर प्रयोजनका लागि मिति २०८१/०९/०९ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/०८ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन तथा आ. व. २०८०/८१ सम्मको वितरण योग्य संचित मुनाफाबाट बोनस शेयर पाउन योग्य हुनेछन् ।

३. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव कम्पनीको आगामी वार्षिक साधारणसभा समक्ष पेश गर्ने ।

**भवदिय,**

............
क्रान्ति श्रेष्ठ
(कम्पनी सचिव)

SANIMA MAI HYDROPOWER LIMITED, sanima, SMH, KATHMANDU

**वोद्यार्थ**

सिडिएस एण्ड क्लियरिङ्ग लि., शेयर मार्केट कर्मसियल कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौ
सानिमा क्यापिटल लि., का.म.न.पा.-१, नक्साल, काठमाण्डौ

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788, Fax: (977-1) 4015799
E-mail: sanimamai@sanimahydro.com, Website : www.maihydro.com